# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**हेटौंडा, मकवानपुर**

**बागमती प्रदेश,नेपाल**

पत्र संख्या :- २०८३।०८४

महाशाखा :-वन वातावरण तथा विपद व्यवस्थापन महाशाखा

चलानी नं. १५४९

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

मितः २०८३।०६।१६

**विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा ।**

श्री सबै वडा कार्यालयहरु,

हेटौंडा उपमहानगरपालिका,मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०८३ साल भाद्र १० गते रसुवागढी भोटेकोशीको बाढीका कारण तहाँ वडामा बसोबास गर्दै आएका हेटौंडा उपमहानगरपालिकाका केही नागरिकहरु घाईते, बेपत्ता तथा मृत्यु भएको एवं सम्पत्ति/व्यवसाय क्षति सम्बन्धी विवरणहरु आधिकारिक रुपमा प्राप्त हुन नसकेको हुँदा राष्ट्रिय योजना आयोगको च.नं.२११ को सूचना माग भए बमोजिम तथा मिति २०८३।०६।१४ गते बसेको नगर विपद व्यवस्थापन समितीको बैठकको निर्णय बमोजिम सबै वडाबाट आधिकारिक विवरण माग गर्ने निर्णय भएको र तँहा वडा अन्तर्गत बसोबास भएका नागरिकहरु मध्ये उक्त विपदमा परी घाईते, बेपत्ता तथा मृत्यु भएको एवं सम्पत्ति/व्यवसाय क्षति भएकाहरुको वस्तुस्थिति **हेरी, बुझी तथा यकिन रुपमा जाँची** यसै पत्रसाथ संलग्न ढाँचामा मिति २०८३ असोज २० गते मंगलबार भित्र यस कार्यालयमा विवरण उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

.......................................

विष्णु कुमारी लामिछाने

महाशाखा प्रमुख

हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

बागमती प्रदेश, नेपाल


पत्र संख्या :- २०८३।०८४

महाशाखा :-वन वातावरण तथा विपद व्यवस्थापन महाशाखा

चलानी नं.

मितः २०८३।०६।१६

## हेटौंडा उपमहानगरपालिकाका रसुवागढी बाढीमा परी बेपत्ता भएका व्यक्तिहरुको विवरण

| क्र.स. | बेपत्ता व्यक्तिको नाम,थर | लिङ्ग | उमेर | पिता वा पतिको नाम थर | ठेगाना | सम्पर्क नं. | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |

## हेटौंडा उपमहानगरपालिकाका रसुवागढी बाढीमा परी मृत्यु भएका व्यक्तिहरुको विवरण

| क्र.स. | व्यक्तिको नाम,थर | लिङ्ग | उमेर | पिता वा पतिको नाम थर | ठेगाना | सम्पर्क नं. | परिवार संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |

## हेटौंडा उपमहानगरपालिकाका रसुवागढी बाढीमा क्षति भएको व्यवसाय एवं सम्पत्ति विवरण

| क्र.स. | क्षति भएको व्यवसाय एवं सम्पत्ति धनीको नाम,थर | व्यवसाय एवं सम्पत्ति क्षति भएको स्थान/ठेगाना | क्षति भएको व्यवसाय एवं सम्पत्तिको विवरण | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |


हेटौंडा उपमहानगरपालिका फोन : ०५७-५२०३७७/५२०४३३/५२३०४४/५२३०४५/५२५८३९, वारुण यन्त्र : ०५७-५२०६७७/१०१ फ्याक्सः ०५७-५२२८७६

इमेलः info@hetaudamun.gov.np वेबसाईटः hetaudamun.gov.np

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

पत्र संख्या: ०८३।८४

चलानी नं.: २१९

## बाढी प्रभावित क्षेत्रमा घाईते, वेपत्ता तथा मृतक व्यक्ति एवं सम्पत्ति/व्यवसायसम्बन्धी विवरण उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशन मितिः- २०८३/६/८)

सम्वत् २०८३ भदौ १० गते नेपाल-चीन सीमा क्षेत्र रसुवागढी तथा भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको मानवीय, आर्थिक, सामाजिक, पूर्वाधारलगायतका क्षेत्रको हानी तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी वित्तीय आवश्यकता अनुमान तथा पुनर्निर्माण योजनासहितको विपद्पछिको आवश्यकता मूल्याङ्कन (Post Disaster Needs Assessment, PDNA) प्रतिवेदन तयार गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८३ भदौ १२ गतेको निर्णयानुसार राष्ट्रिय योजना आयोगबाट आवश्यक कार्य अगाडि बढाइएको जानकारी गराउँछौं। सो सम्बन्धमा उल्लिखित विनासकारी बाढीको विपद्का क्रममा रसुवा-भोटेकोशी लगायतका प्रभावित क्षेत्रमा अक्सर बसोबास नभएका तर त्यहाँ काम गर्न गएका मजदुर, तिर्थ गएका तीर्थयात्री, पदयात्रामा गएका स्वदेशी/ विदेशी र तिनका पथ प्रर्दशक, आयात गरिएका सामान लिन गएका सवारीचालक/ सहयोगी/अन्य व्यक्तिहरु वा व्यापार व्यवसायको क्रममा तहाँ अस्थायी बसोबास गरीरहेका कयौं व्यक्तिहरू वेपत्ता हुनुका साथै केहीको दुःखद् निधन भएको सार्वजनिक भएको छ। तसर्थ प्रभावित क्षेत्रका स्थानीय बासिन्दाका अतिरिक्त अन्य जिल्ला तथा स्थानबाट यात्रा, व्यवसाय वा अन्य प्रयोजनका लागि सो क्षेत्रमा पुगेका व्यक्तिहरू समेत यस विपद्बाट प्रभावित भएको अवस्था रहेको हुँदा विपद्बाट प्रभावित वेपत्ता तथा मृतक व्यक्तिहरूको यथार्थ विवरण, उनीहरूसँग सम्बन्धित व्यवसाय तथा प्रभावित सम्पत्तिको विवरण संकलन गरी क्षति तथा आवश्यकता पहिचान गर्न राष्ट्रिय योजना आयोगबाट छुट्टै अनलाइन पोर्टलमार्फत विवरण संकलनको व्यवस्था गरिएको हुँदा रसुवा-भोटेकोशी लगायत बाढी प्रभावित क्षेत्रमा घाईते वा वेपत्ता भएका वा मृत्यु भएका व्यक्तिहरू वा क्षति भएको व्यवसायिक वा व्यक्तिगत सम्पत्ती अन्य जिल्ला/स्थानका भएको हकमा सम्बन्धित परिवार, आफन्त वा कानुनी हकवालाले सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत वा वडा सचिव वा तोकिएको कर्मचारी मार्फत देहायको पोर्टलमा गई २०८३ असोज १५ गते भित्र यथासम्भव पूर्ण र यथार्थ विवरण उपलब्ध गराउनु हुनु अनुरोध छ। साथै, सम्बन्धित स्थानीय तहहरूले आफ्नो क्षेत्रका सम्भावित प्रभावित परिवार तथा आफन्तजनलाई यसबारे जानकारी गराई पोर्टलमा विवरण भर्न आवश्यक सूचना, सहजीकरण तथा समन्वय गरिदिनुहुन अनुरोध छ।

**देहाय**

**पोर्टलको लिंक: https://pdna.npc.gov.np/floating-signup**

**पोर्टलमा विवरण भर्ने सम्बन्धमा कुनै दुविधा भएमा निम्न नम्बरमा फोन गर्न सकिनेछ।**

१. कार्यक्रम निर्देशक श्री यदुनाथ आचार्य ९८४१५४८७६४

२. कम्युटर अधिकृत श्री डोल नारायण श्रेष्ठ ९८४१३५४७०३

३. योजना अधिकृत श्री डिल्लीराम पौडेल ९८५१२४७६७१

राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं